# सुनिलस्मृति गाउँपालिका

## बालअधिकार संरक्षण, संवर्द्धन र बालमैत्री घोषणा रणनीति तथा कार्ययोजना

(२०८२ देखि २०८६)

सुनिलस्मृति गाउँपालिकाको कार्यालय,

सुलिचौर, रोल्पा

पारित मितिः २०८२/०४/२० गते

# विषयसूची

परिच्छेद १: परिचय ........ 1

क) पृष्ठभूमी: ........ 1

ख) स्थिति विश्लेषण ........ 2

ग) बालअधिकार सम्बन्धि नीतिगत ब्यवस्थाहरु: ........ 2

घ)सुनिलस्मृति गाउँपालिकामा बालबालिकाको अवस्था: ........ 5

ङ) सुनिलस्मृति गाउँपालिकामा बालबालिकाका प्रमुख सवालहरु: ........ 5

च) रणनीति तथा कार्ययोजना मस्यौदाको औचित्य: ........ 7

परिच्छेद २ : रणनीति तथा कार्ययोजना ........ 8

क) दूरदृष्टि : ........ 8

ख) ध्येय : ........ 8

ग) लक्ष्य : ........ 8

घ) रणनैतिक उद्देश्य ........ 8

ङ) रणनीति तथा मुख्य कार्यक्रमहरु: ........ 9

च) अनुगमन तथा मूल्याङ्कन: ........ 16

छ) संस्थागत संरचना: ........ 17

ज) श्रोत परिचालन, सहकार्य तथा समन्वय ........ 17

झ) जोखिम तथा न्युनीकरण ........ 17

अनुसूची १: बालअधिकार संरक्षण तथा संवर्द्धन रणनीतिक ढाँचा ........ 18

परिच्छेद ३: बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा ...... 21

क) बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, ........ 21

ख) बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन ........ 21

ग) बालमैत्री स्थानीय शासन पद्धतिको अनुगमन, शिफारीस र घोषणा ........ 21

अनुसूची २: सूचको वर्तमान अवस्था, माइलस्टोन तथा बालमैत्री गाउँपालिका घोषणा ........ 21

अनुसूची ३ : कार्ययोजनाको कार्यान्वयन अनुगमन ढाँचा ........ 31

अनुसूची ४: कृयाकलाप तथा विवरण: ........ 31

# परिच्छेद १: परिचय

## क) पृष्ठभूमी:

बालबालिकाका लागि विशेष प्रावधानलाई समाविष्ट गरेको नेपालको संविधान २०७२ मा आधारित छ । संविधानमा समेटिएका धाराहरूमध्ये धारा ३९ अन्तर्गतका १० वटा प्रावधानहरू, धारा ५१(ज) जसले बालबालिकाको सर्वोत्तम हितलाई जोड दिएकोछ, धारा ११ (४) बाबु आमाको पत्तो नलागेका बालबालिकालाई बाबु आमा पत्ता नलागेसम्मका लागि वंशजको आधारमा नागरिकता दिने कुराको सुनिश्चित गरेको छ, र यसैगरी धारा १८ ले सबै नागरिकको हक अधिकारलाई सुनिश्चित गरेको छ जो नागरिकका रूपमा बालबालिकाका लागि पनि उत्तिकै लागू हुन्छ । विशिष्टीकृत ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ ।

लुम्बिनी प्रदेश सरकारले लुम्बिनी प्रदेशका बालबालिकाहरुको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, र सम्वर्द्धन गर्न बालबालिका सम्बन्धि प्रदेश ऐन, २०७६ लागु गरेको छ । लुम्विनी प्रदेशले बालविवाह अन्त्यका लागि दश बर्षे (२०७८/७९-८८/८९) रणनीति समेत जारि गरेको छ ।

समग्रमा बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताको लागि बालबालिकासँग प्रत्यक्ष सरोकार भएका शिक्षा, स्वास्थ्य, बाल संरक्षण, बाल सहभागिता लगायतका पक्षहरुमा संघ, प्रदेश र स्थानीय तहहरुको कानुनी दायित्व र जिम्मेवारी सुनिश्चित गरिएको छ ।

बालबालिका राष्ट्रिय गौरव हुन् भन्ने मान्यतालाई आत्मसाथ गर्दै विश्वव्यापी मानव अधिकार घोषणा पत्र र संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, १९८९ (युएनसिआरसि) विशेषगरी बाल संरक्षणसँग गाँसिएका धाराहरू धारा २ (विभेद रहित), ३.१ (बालबालिकाको उच्चतम हित), ३.२ हेरचाह र संरक्षणको दायित्व), ३.३ (हेरचाहको स्तर), ६ (बाँच्न पाउने र विकास), १२ (सहभागिता), १३ (अभिव्यक्तिको स्वतन्त्रता), १९ (हिंसाबाट संरक्षण), २५ (बालबालिकालाई राखिएको स्थानको आवधिक सुपरीवेक्षण), ३२, ३३, ३४,३६,३७(क) (आर्थिक शोषण, लागू औषध दुर्व्यसन, यौन दुर्व्यवहार र शोषण लगायत यातना, क्रुर, अमानवीय वा तल्लोस्तरको व्यवहार वा सजाय जस्ता अन्य सबै प्रकारका शोषणबाट संरक्षण), ३९ (शारीरिक र मनोवैज्ञानिक स्वास्थ्यलाभ एवम् सामाजिक पुनर्स्थापना) आकर्षित हुने गर्दछन् ।

बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेखमध्ये बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई २००६ मा र सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धमा

व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई २००७ मा अनुमोदन गरेको छ भने निकृष्ट प्रकारका बालश्रम उन्मूलन सम्बन्धी आइ.एल.ओ. महासन्धि नं. १८२ (१९९९) लगायतका सन्धिलाई अनुमोदन गरेको छ । यी महासन्धिहरु, इच्छाधीन आलेख लगायत नेपाल पक्ष राष्ट्र भएका मानवअधिकार सन्धिहरु नेपालको सन्धी ऐन, २०४७ अनुसार नेपाली कानून सरह नै लागु हुनेछन् र नेपालको कानुन सन्धिसँग बाझिएमा बाझिएको हदमा अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरु नै मान्य हुने ब्यवस्था रहेको छ ।

## ख) स्थिति विश्लेषण

सुनिलस्मृति गाउँपालिकाले, गाउँपालिकाको बालअधिकार संरक्षण तथा संवर्द्धनको लागि बाल संरक्षण नीति (२०७८) लागु गरी बाल कल्याण अधिकारीको समेत ब्यवस्था गरेको छ । सुनिलस्मृति गाउँपालिकाले ब्यवस्थित रुपमा सुनिलस्मृति गाउँपालिका क्षेत्रमा आर्थिक, भौतिक, सामाजिक, साँस्कृतिक र मानवीय विकासलाई सन्तुलित ढंगले अघी बढाउन आवधिक योजना तर्जुमा गरी लागु गरेको छ । उक्त योजनामा महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरुको क्षेत्रमा गाउँपालिकाले पोषण, स्वास्थ्य, शिक्षा, खेलकुद र संरक्षणका कार्यक्रमहरु लागु गर्ने कार्यनीति उल्लेख रहेको छ । गाउँपालिकाले बाल विवाह अन्त्यका लागि रणनैतिक योजना (२०७७/०७८-२०८१/२०८२), अल्पकालीन सेवा केन्द्र तथा सुरक्षित आवास गृह सञ्चालन निर्देशिका (२०८०), बाल संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि (२०७७), बालअधिकार समिति गठन कार्यविधि (२०७७), बालसमुह/सञ्जाल गठन, तथा सहजीकरण निर्देशिका (२०७७) पारित गरि लागु गरेको छ । बालबालिकाको वस्तुगत विवरण २०८१ समेत गाउंपालिकाले तयार गरेको छ ।

यस सन्दर्भमा बालबालिकाको सरोकार र सवालहरुलाई विशष महत्वकासाथ सम्बोधन गर्न सुनिलस्मृति गाउँपालिकाले बालअधिकार संरक्षण तथा संवर्द्धनका क्षेत्रमा ब्यबस्थित र प्रभावकारी ढंगले कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न बाल अधिकार संरक्षण तथा संवर्द्धन रणनीतिक कार्ययोजना (२०८२ देखि २०८६) तर्जुमा गरेको छ ।

## ग) बालअधिकार सम्बन्धि नीतिगत ब्यवस्थाहरु:

नेपालको संविधानको मौलिक हक, राज्यको नीति, नागरिकता, मानव अधिकार आयोग सम्बन्धी व्यवस्थाहरू प्रत्यक्ष रूपमा बालबालिकाको अधिकारसँग जोडिएका छन । बालबालिका सम्बन्धी व्यवस्थाले संवैधानिक रूपमा राज्यका हरेक कानून, नीति, योजना, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाका सर्वोत्तम हितको सुनिश्चितता, बालबालिकाको शारीरिक र मानसिक सम्पूर्णताको सम्मान र संरक्षण तथा बालमैत्री न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र

विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकालाई स्वतन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चिता गरेको छ ।

बालबालिकाको लागि विशिष्टीकृत ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन २०७५, बालअधिकार नीति २०८० कार्यान्वयनमा रहेको छ । यस ऐनमा मूलतः बालबालिकाको सम्मानपूर्वक बाँच्न पाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, कुनैपनि किसिमको विभेद नहुने, बाबुआमासँग बस्ने र भेटघाट गर्न पाउने, संरक्षित हुन पाउने, सहभागी हुन पाउने, स्वतन्त्र अभिव्यक्ति दिने र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने, गोपनीयता कायम गर्ने, अपाङ्गता भएका बालबालिकाले विशेष अधिकार पाउने, पोषित तथा स्वस्थ्य हुन पाउने, खेलकुद र मनोरञ्जन गर्न पाउने, शिक्षा पाउने लगायतका अधिकार सुनिश्चित गरिएका छन् । यसैगरी बालबालिकाको विशेष संरक्षण, पुनर्स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था रहेका छन् । साथै राज्य, परिवार, संघसंस्था र सञ्चार क्षेत्रको बालबालिका प्रतिको दायित्व, संघ, प्रदेश र स्थानीय तहमा संस्थागत संयन्त्र, बालन्याय, बालबालिका विरुद्धको कसूर, बालबालिकाको कर्तव्य लगायतका व्यवस्थाहरु भएका छन् । श्रम ऐन, २०७४ को दफा ५ ले कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउनु हुँदैन भन्ने व्यवस्था गरेको छ । बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले कानुन विपरितको बालश्रमलाई दण्डनीय बनाएको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, श्रम ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन् तथा स्वास्थ्य अधिकार ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतका ऐनहरुमा बालबालिकासँग सम्बन्धित व्यवस्थाहरु छन ।

पन्ध्रौं राष्ट्रिय आवधिक योजनाले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिई बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवधन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य लिएको छ भने बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्धन गर्ने, बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्ने तथा बालबालिका

तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्देश्यहरु लिएका छन ।

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयाजना (२०७५—२०८५), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति, २०७२, विद्यालय क्षेत्र विकास योजना (२०७३/७४—२०७९/८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव—प्रवर्तन नीति, २०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई—हेल्थ रणनीति, २०७४, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारुप, २०७७ लगायतका नीतिहरु तथा दस्तावेजहरु कार्यान्वयनमा रहेका छन् ।

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४—२०८३) ले २०७९ साल सम्म निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ साल सम्म सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ ।

दिगो विकास लक्ष्यका विविध लक्ष्यहरु बालअधिकारको संरक्षण र संवर्द्धनसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् । दिगो विकास लक्ष्यको गरिबी निवारण (लक्ष्य नं.१), भोकमरीको अन्त्य (लक्ष्य नं.२), स्वास्थ्य (लक्ष्य नं. ३), शिक्षा (लक्ष्य नं.४), लैंगिक समानता (लक्ष्य नं. ५), मर्यादित श्रम (लक्ष्य नं. ८) जलवायु परिवर्तन (लक्ष्य नं.१३), र शान्ति र सुशासन (लक्ष्य नं. १६) बालबालिकाका अधिकारसँग प्रत्यक्ष सम्बन्धित दिगो विकास लक्ष्यको रुपमा रहका छन्। संघीय ब्यबस्थामा स्थानीय तहलाई स्वतन्त्र ढंगले विकास ब्यबस्थापन गर्ने जनताको घर दैलोको सेवा प्रवा गर्ने सरकारको रुपमा लिइएको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, बालश्रम निवारण तथा बाल हिंसा अन्त र बाल सहभागिताको अभ्यासको आधार तह स्थानीय तह नै रहेको छ।

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा १२ मा गाउँपालिकाले वडा स्तरमा नै बालबालिकाको शिक्षा, स्वास्थ, सहभागिता तथा खेलकुद र संरक्षण एवं भेदभाव रहीतको सुनिश्चतता गर्न नीतिगत कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी तोकिएको छ । वडा समितिले बालश्रम, बाल विवाह, बेचबिखन नियन्त्रण तथा बालमैत्री वडा निर्माण गर्न कार्य गर्नुपर्ने ब्यबस्था रहेको छ । यस प्रकृया अनुरुप गाउँपालिकानै बालमैत्री घोषणा गर्नुपर्ने प्रावधान रहेको छ ।

## घ)सुनिलस्मृति गाउँपालिकामा बालबालिकाको अवस्थाः

राष्ट्रिय जनगणना २०७८ अनुसार सुनिलस्मृति गाउँपालिकाको जनसंख्या ३० हजार ६ सय १७ रहेकोमा पुरुष ४६ प्रतिशत, महिला ५४ प्रतिशत रहेको छ । सुनिलस्मृति गाउँपालिकामा जम्मा घरधुरी संख्या ७ हजार ००९ रहेको देखिन्छ । बालबालिकाको जनसंख्या औसत राष्ट्रिय अनुपातलाई हेर्ने हो भने ३३.८ प्रतिशत रहेको छ ।सुनिलस्मृति गाउँक्षेत्र आन्तरिक रुपमा अस्थायी बसोबास गर्ने जनसंख्या ठुलो रहेको क्षेत्र हो । यहाँ ९७ प्रतिशत जनसंख्या आफ्नै वा परिवारको स्वामित्व भएको घरमा बसोबास गर्छन भने भाडामा बसोबास गर्ने जनसंख्या ३ प्रतिशत रहेको छ ।राष्ट्रिय जनगणना, २०७८ का तथ्यांकलाई हेर्ने हो भने सुनिलस्मृति गाउँक्षेत्रको जनसंख्या, बसोबास र सुविधा तल दिइएजस्तो रहेको छ ।

खानेपानी सुविधा : धाराको पानी प्रयोग गर्ने ५१ प्रतिशत, जार बोटल ०.१ प्रतिशत घर परिवारमा सुचना तथा सञ्चार सामाग्री नभएकाहरु : ०.१ प्रतिशत,इन्टरनेट सेवा भएका ९७ प्रतिशत, स्मार्ट मोबाइल फोन ८० प्रतिशत, टेलिभिजन ६५ प्रतिशत, निजी कम्प्युटर १० प्रतिशत परिवारको कोही न कोही विदेशमा भएका : ४० प्रतिशत, अपाँगता भएका : १.५ प्रतिशत, जन्मदर्ता : ९५ प्रतिशत बालबालिकाको हेरचाह : बाबुआमा दुबै ७७ प्रतिशत, आमासँग मात्र २० प्रतिशत, बाबुसँग मात्र ३ प्रतिशत रहेको छ ।

## ङ) सुनिलस्मृति गाउँपालिकामा बालबालिकाका प्रमुख सवालहरुः

यस कार्ययोजनाको मस्यौदाका सन्दर्भमा नागरिक समाज, बालबालिका र यस क्षेत्रमा बसोबास गर्ने बालअधिकार कर्मीहरुसँग पनि परामर्श गरिएको थियो । प्राप्त तथ्यांक र अनुभव का आधारमा सुनिलस्मृति गाउँपालिकामा बालबालिकाका प्रमुख सवालहरु निम्न रहेको पाइन्छ :

सुरक्षित जन्म र स्वास्थ्य : बालबालिकाको सुरक्षीत जन्म र स्वस्थ जीवनको अधिकार बालअधिकारका प्रमुख चार अधिकारका क्षेत्र मध्ये एक हो । सुनिलस्मृति गाउँ क्षेत्रमा परिवारको औसत आकार ३.३१ रहेको छ । सुनिलस्मृति क्षेत्रमा पर्याप्त सार्वजनिक स्वास्थ्य संस्थाहरु नभएको र नीजि स्वासथ्य संख्याहरु उल्लेख्य मात्रामा रहेको पाइन्छ।सुनिलस्मृति गाउँपालिकाबाट उपलब्ध पछिल्लो तथ्यांक (२०८१) अनुसार सुनिलस्मृति गाउँपालिकामा एउटा पनि अस्पताल छैन।

एक प्राथमिक स्वास्थ्य केन्द्र, ५ वटा स्वास्थ्य चौकी र २ वटा आधारभुत स्वासथ्य केन्द्र र सामुदायिक इकाइ केन्द्र ४ वटा रहेका छन् । यहाँका सार्वजनिक विद्यालय मध्ये ३ वटामा विद्यालय नर्स सेवा उपलब्ध रहेको छ भने २८ वटा खोप केन्द्रहरु रहेका छन ।बालबालिकाकाका सुरक्षीत जन्म र स्वास्थ्य सम्बन्धमा यस गाउँमा रहेका प्रमुख सवालहरु निम्न रहेका छन् :

सार्वजनिक तथा सामुदायिक स्वास्थ्य सेवाको सबलीकरण, मानसिक स्वास्थ्य सेवा, नसर्ने रोगहरुको समस्या, सडक सुरक्षा तथा दुर्घट्ना, शारिरिक व्यायम केन्द्र तथा स्थलहरु, योग स्वास्थ्य सेवा अस्वस्थ खानाहरुको बिस्तार र प्रभाव, पर्यावरण, प्रदुषण र मानवीय स्वास्थ्य, लैंगिक असमानता (० देखि १९ बर्ष सम्म हरेक उमेर समुहमा बालक र बालिका बिच १ भन्दा बढी प्रतिशत बिन्दु फरक)

शिक्षा : शिक्षाको सन्दर्भमा सुनिलस्मृति गाउँक्षेत्र निजी उत्कृष्ट विद्यालयहरुको पर्याप्तता रहेको गाउँको रुपमा रहेको छ । सुनिलस्मृति गाउँ क्षेत्रमा आधारभुत तहको खुद भर्ना दर ९५ प्रतिशत, विद्यालय छोड्ने दर प्राथमिकत तहमा २.७ प्रतिशत, बालमैत्री सिकाइ अवलम्बन गर्ने विद्यालय ४० प्रतिशत, विद्यालयमा विषयगत तालिमप्राप्त शिक्षकहरु ३५ प्रतिशत, बालमैत्री पुर्वाधार सहितको विद्यालय ६५ प्रतिशत रहेको छ । गाउँपालिकाको अभिलेख अनुसार सुनिलस्मृति गाउँ क्षेत्रमा रहेका ४६ विद्यालय मध्ये ४१ वटा सामुदायिक विद्यालय रहेका छन् भने एक विद्यालयले मात्र प्राविधिक धारको शिक्षा उपलब्ध गराउँछ । यस गाउँका ४१ सामुदायिक विद्यालयमा बाल क्लबहरु गठन र परिचालन भएका छन् । सुनिलस्मृति गाउँपालिका क्षेत्रमा आधारभुत शिक्षाको अधिकारका सन्दर्भमा मुख्य रुपमा नीजि विद्यालयहरुको नियमन, सार्वजनिक तथा सामुदायिक विद्यालयहरुको सबलीकरण, प्राविधिक धारका विद्यालयको विस्तारको जरुरी, गरिब तथा श्रमिक बालबालिकाको शैक्षिक सहायता, वैकल्पिक तथा उपचारात्मक शिक्षा र सुरक्षीत र समावेशी विद्यालयको आवश्यक्ता रहेको छ ।खेलकुद शारिरिक मानसिक विकास बालबालिकाको विकासको अधिकार अन्तरगतको महत्वपुर्ण सरोकारको विषयको रुपमा रहेको छ । सुनिलस्मृति गाउँपालिकाले विभिन्न समयमा राष्ट्रपती रनिंग शिल्ड, तथा स्थानीय खेल प्रतियोगीताहरु आयोजना गर्दै आइरहेको छ । स्थानीय विद्यालयहरुलाई स्थानीय समुह संग आवद्द गराई बालबालिकाहरुलाई खेलसँग आवद्द गराइरहेको छ ।खेलकुद शारिरिक मानसिक विकासका सन्दर्भमा विद्यालय खेलकुद (क्रिकेट, फुटबल, मार्सल आर्ट), विद्यालय तथा समुदाय आधारित सृजनात्मक सिप सिकाइ तथा प्रतिस्पर्धा, अत्यन्तै कम संख्यामा मनोरञ्जन पार्क तथा खेल मैदान, शारिरिक व्यायम तथा योग केन्द्रहरु, र बालिका तथा अपाँगता भएकाहरुको खेल सहभागितामा न्युनता मुख्य सवालको रुपमा रहेको छ । सहभागिता र नागरिक हैसियतका प्रवर्द्धनका क्षेत्रमा विद्यालय तहमा बाल क्लबहरुको गठन, गाउँस्तरीय र वडास्तरीय बाल सञ्जालको गठन तथा परिचालन, बाल क्लबका कार्यक्रमहरुलाई आर्थिक तथा प्राविधिक सहायता, स्काउट कार्यक्रम, जुनियर रेडक्रस जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेको छ ।सहभागिताका सन्दर्भमा प्रमुख सवालहरुको रुपमा समुदाय आधारित बाल क्लब/संस्थाहरुको परिचालन पर्याप्त नहुनु, बाल क्लबमा संलग्न बालबालिकाको नेतृत्व क्षमता विकासमा कम लगानी हुने, बालिका, अपाँगता तथा श्रमिक बालबालिकाक र गरिब बालबालिकाको सहभागिता न्युन हुने, सृजनात्मक, सामुदायिक अभियान,

सचेतना तथा स्वयंसेवा कार्यक्रमहरु पर्याप्त नहुने, स्थानीय बाल परामर्श, बाल सभा तथा राजनितिक नेतृत्वसँग बालबालिकाको अन्तरक्रिया कम हुने, बालबालिका र सेवा प्रदायकहरुको सम्बन्ध बिस्तार हुन नसक्नु, डिजिटल सहभागिता प्लेटफर्म उपलब्ध नहुनु र साँस्कृतिक सहभागिता नहुनु मुख्य रहेका छन् । बाल संरक्षण तथा संरक्षण सेवा प्रवाहका सन्दर्भमा सुनिलस्मृति गाउँपालिकाबाट विद्यालय तथा समुदाय स्तरमा बाल संरक्षण, बाल दुर्व्यवहार, बाल हिंसा विरुद्द विभिन्न सचेतनाका कार्यक्रमहरु, पिडित प्रभावित बालबालिकाको उद्दार संरक्षण ब्यबस्थापनका कार्यहरु, बाल गृहहरुको नियमन, मनोरञ्जन तथा सत्कार व्यवसायमा संलग्न बालश्रमिकहरुको संरक्षण, सामुदायिक प्रहरी र बालबालिकाबिचको सम्बन्ध सुधारका विषय लगायत बालमैत्री स्थानिय तह घोषणा गर्ने अभिप्राय अनुसार कार्यहरु गरिरहेको छ । यद्यपी बाल सुरक्षीत विद्यालय, बालश्रममुक्त क्षेत्र, विद्यालय तथा समुदायमा मनोसामाजिक सेवा, अस्थायी संरक्षण तथा पुनर्स्थापना सेवा, हिंसा न्युनिकरणका कार्यक्रमहरु, सुरक्षीत यातायातका कार्यक्रमहरु पर्याप्त रुपमा लागु हुन सकिरहेको छैन ।

## च) रणनीति तथा कार्ययोजना मस्यौदाको औचित्य:

नेपालको संविधानले ब्यबस्था गरेको बालबालिकाको मौलिक हक, राज्यका निती अन्तरगत उल्लेखित बालबालिकाको सर्वोत्तम हित, बालबालिका सम्बन्धि ऐन २०७५, बालअधिकार नीति २०८० ले ब्यबस्था गरेका अधिकारहरुको कार्यान्वयन, संरचना तथा संयन्त्रहरुको स्थापना र परिचालन, बालश्रममुक्त स्थानीय तह कार्यविधी २०७६ तथा बालमैत्री स्थानीय शासन रणनिती २०७८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ , बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९, र राष्ट्रिय बालबालिका नीति २०८० को व्यवहारिक कार्यान्वयनका लागि व्यवस्थित र परिणाममुखी ढंगले लगानी ब्यबस्थापन र कार्यक्रम कार्यान्वयन गर्न रणनीतिक कार्ययोजनाको आवश्यक्ता रहेको छ ।

स्थानीय तह सञ्चालन ऐन २०७४ ले स्थानीय तहले आफ्ना स्थानीय विकासका सवालहरुमा विषयगत योजना निर्माण र कार्यान्वयन गर्न सक्ने ब्यबस्था गरेको छ । सुनिलस्मृति गाउँपालिकाको आवधिक योजनामा गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने उद्देश्य लिइएको छ । विगतमा सुनिलस्मृति गाउँपालिकाबाट बालबालिकाका शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, संरक्षण तथा सहभागिताका क्षेत्रमा विविध कायक्रमहरु सञ्चालन हुँदै आइरहेको छ । वडा तथा विभिन्न शाखाहरुबाट विभिन्न ढंगले सञ्चालनमा रहेका बालअधिकारको सम्मान र संरक्षण गर्ने कार्यक्रमहरुमा एकरुपता ल्याउन, विभिन्न शाखाहरु तथा वडाहरुमाझ समन्वयकृत कार्यसम्पादन अगाडी बढाउन, बालअधिकारका क्षेत्रमा भएका कार्यसम्पादनको ब्यबस्थित अभिलेख राख्नका लागि र बालमैत्री

स्थानीय तह घोषणाको अभियान सन्चालन गर्नको लागि बालअधिकार संरक्षण तथा संवर्द्धन राणनीतिक कार्ययोजनाको औचित्य रहेको छ ।

# परिच्छेद २ : रणनीति तथा कार्ययोजना

**क) दूरदृष्टि :**

बालअधिकार सुनिश्चिततायुक्त सुनिलस्मृति गाउँपालिका ।

**ख) ध्येय :**

सुनिलस्मृति गाउँपालिकालाइ पूर्ण रुपमा बाल संरक्षण युक्त, बालश्रममुक्त र बालमैत्री गाउँपालिका घोषणा गर्ने ।

**ग) लक्ष्य :**

बालबालिका, समुदाय, नागरिक समाज, गैरसरकारी संस्था, तथा नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, र साझेदारीमा बालअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्दै बालमैत्री सुनिलस्मृति गाउँपालिकाको विकास गर्ने ।

## घ) रणनैतिक उद्देश्य

१. सुनिलस्मृति गाउँपालिका क्षेत्रमा बालअधिकार संरक्षण प्रणाली तथा संयन्त्रको स्थापना र सबलीकरण गरि सक्रिय रुपमा परिचालन गर्ने ।

२. सुनिलस्मृति गाउँ क्षेत्रभित्र बालमैत्री, बाल सुरक्षित परिवार, विद्यालय, स्वास्थ्य संस्था र समुदायको विकास गर्ने ।

३. गुणस्तरीय र निःशुल्क शिक्षा, खेलकुद, स्वास्थ्य, र प्रारम्भिक बाल विकासमा सुनिलस्मृति गाउँक्षेत्रभित्रका सबै बालबालिकाको पहुँच अभिवृद्दी गर्ने ।

४. बालबालिकाको सहभागिता, नागरिक कर्तब्य र अधिकारको अभ्यासलाई प्रवर्द्धन, र सहजीकरण गर्ने साथै आन्तरिक तथा समुदायमा गरिने गतिविधि, परियोजना तथा कार्यक्रमहरूको तर्जुमा, र कार्यान्वयनको अनुगमन र मूल्यांकन गर्ने ।

## ङ) रणनीति तथा मुख्य कार्यक्रमहरु:

**उद्देश्य १ सँग सम्बन्धित** : सुनिलस्मृति गाउँपालिका क्षेत्रमा बालअधिकार संरक्षण प्रणाली तथा संयन्त्रको स्थापना र सबलीकरण गर्दै सक्रिय रुपमा परिचालन गर्ने ।

**रणनीति १ : स्थानीय बालअधिकार कानुनले ब्यबस्था गरेका प्रणाली र संरचनाहरुको स्थापना गर्ने।**

१.१ स्थानीय बालअधिकार एकिकृत कार्यविधि तथा कार्ययोजना तयार गरी कार्यन्वयन गर्ने।

१.२ गाउँपालिकामा बाल कल्याण अधिकारीको नियुक्ती गर्ने ।

१.३ वडा तथा गाउँपालिकामा गठित बालमैत्री स्थानीय शासन समिति र बाल अधिकार समितिको कृयाशिलता अभिवृद्धि गर्ने ,बालश्रममुक्त स्थानीय तह कार्यान्वयन समितिको सकृयता बढाउने ।

१.४ प्रत्येक वडामा न्युनतम दई जना समाजसेवीको सुचिकरणको व्यवस्थापन गर्ने ।

१.५ प्रत्येक वडामा न्युनतम दुई जना बाल मनोविज्ञको सुचिकरणको व्यवस्थापन गर्ने ।

१.६ गाउँपालिकाको बालसंरक्षण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ अनुरुप कोषको प्रभावकारी परिचालन गरी हिंसा, दुर्व्यवहार, बालश्रमशोषणमा परेकाहरुको उद्दार, राहत, पुनर्स्थापनाका तथा अपराध पिडितका क्षतिपूर्तिका लागि कोषको प्रभावकारी परिचालन गर्ने ।

१.७ बाल हेल्पलाइन सेवालाई आवश्यक्ताअनुसार अनुदान उपलब्ध गराउने ।

१.८ विभिन्न स्थानीय तहबाट आई गाउँ क्षेत्रमा जोखिमपुर्ण श्रममा संलग्न, सडक बालबालिका, हिंसा तथा दुर्व्यवहारमा परेका, विशेष सरक्षणको आवश्यक्ता भएका तथा कानुनविपरित बालगृहमा राखिएका बालबालिकाको उद्दार, संरक्षण, सहयोग र पारिवारिक पुनर्मिलन पुनर्स्थापनाका लागि अन्तर स्थानीय तह सम्झौता गर्ने ।

१.९ गाउँपालिकाभित्र वैकल्पिक हेरचाह, अस्थायी संरक्षण सेवा तथा पुनर्स्थापना केन्द्र सेवा सञ्चालन गर्न चाहने संस्थाहरुको सुचिकरण, नियमित अनुगमन र कानुनबमोजिम सञ्चालन भएको सुनिश्चित गर्ने।

१.१० गाउँ तहमा बालअधिकार सुचना प्रणाली तथा बाल संरक्षण सुचना प्रणाली लागु गर्ने। बालबालिकाहरुको खण्डीकृत तथ्यांक तयार गर्ने र उपलब्ध तथ्यांक तथा सुचनाका आधारमा प्रत्येक बर्ष गाउँस्तरीय बालबालिका स्थिति प्रतिवेदन सार्वजनिक गर्ने ।

**रणनीति २ : स्थानीय संयन्त्रहरुको सबलीकरण र क्षमता विकास गर्ने ।**

२.१ बाल कल्याण अधिकारी, बाल अधिकार समिति सदस्यहरु, गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि तथा सम्बन्धित शाखाका कर्मचारीका लागि बालअधिकार, बाल संरक्षण तथा काम कर्तव्य अधिकार सम्बन्धि प्रशिक्षण आयोजना गर्ने ।

२.२ स्थानीय समुदायमानै समाजसेवी तथा बाल मनोविज्ञ तयार गर्न ससर्त तालिम छात्रवृत्ति प्रदान गर्ने ।

२.३ विद्यालयस्तरिय तथा समुदाय स्तरका बाल समुहका बालबालिकालाई बाल अधिकार, बालसंरक्षण तथा उनीहरुका कर्तव्य सम्बन्धि प्रशिक्षण आयोजना गर्ने ।

२.४ वडा तथा गाउँ बाल अधिकार समितिमा सेवा प्रदायक निकायको सेवा नक्शाङ्कन तथा प्रेषण प्रणाली विवरण राख्ने ।

२.५ न्यायिक समिति तथा मेलमिलाप केन्द्रलाई बालबालिकाको हक प्रचलन गराउन आवश्यक क्षमता विकास गर्ने ।

**उद्देश्य २ सँग सम्बन्धित** सुनिलस्मृति गाउँ क्षेत्रभित्र बालमैत्री तथा बाल सुरक्षित परिवार, विद्यालय, स्वास्थ्य संस्था र समुदायको विकास गर्ने ।

**रणनीती ३ : बाल संरक्षण मापदण्ड निर्धारण गर्ने र नीति लागु गर्ने ।**

३.१ सुनिलस्मृति गाउँकार्यपालिका कार्यालय, सरकारी कार्यालय, गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै विद्यालय, स्वास्थ्य संस्था, यातायात, उद्योग कल कारखाना, होटल, रेस्टुरेन्ट, लज, व्यवसाय, सिनेमा हल, खेलकुद स्थल, वैकल्पिक हेरचाह र बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थामा बालबालिका सम्बन्धि ऐन अनुरुपको बाल संरक्षण मापदण्ड र नीति तयार गरी लागु गर्ने ।

३.२ प्रत्येक स्वास्थ्य संस्था तथा विद्यालयमार्फत मनोविमर्श सेवा उपलब्ध गराउने ।

३.३ एक विद्यालय एक नर्सको व्यवस्था गर्ने गराउने ।

३.४ प्रत्येक माध्यमिक तहका विद्यालयमा बाल समुह गठन गरि बाल संरक्षण नीति बनाई अनिवार्यरुपमा कार्यान्वयन गरि प्रेषण प्रणाली सञ्चालन गर्ने ।

३.५ सुशासनयुक्त विद्यालय तथा गुणस्तरिय शिक्षालाई टेवा दिनको लागि विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागितालाई सुनिश्चत गर्ने ।

३.६ सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्थामा बाल हिंसा दुर्व्यवहारमा उजुरी गर्न सकिने प्रहरी, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवाको प्रचार गर्ने ।

३.७ बालश्रम मुक्त घर, व्यवसाय, टोल र वडाको घोषणा र चिन्ह प्रदान गर्ने ।

३.८ ब्यवसाय दर्ता र नविकरण गर्दा, घर बहाल कर तथा सम्पत्ती कर बुझाउँदा बालश्रम नरहेको स्वघोषणा गर्ने ब्यबस्था गर्ने ।

३.९ अनाथ तथा वेवारिसे बालबालिकाको संरक्षण वैकल्पिक हेरचाहका लागि गाउँपालिको आफ्नै बालबालिकामैत्री बकैल्पिक संरक्षण गृह बानाई संचालन गर्ने । यस्तो व्यवस्था नभए सम्म कानुनबमोजिम सिफारिस र सहायता उपलब्ध गराउने ब्यबस्था गर्ने ।

३.१० लागु औषध दुर्व्यसन, हिंसा, दुर्व्यवहार, शोषण, ओसारपसार तथा बेचबिखनमा परेका बालबालिकाको उद्दार, अस्थायी संरक्षण तथा पुनर्स्थापनाको ब्यबस्था गर्ने ।

३.११ दिशान्तरमा आएका बालबालिकाको नियमित अनुगमन, पुनर्स्थापना, आवश्यक सुधारका कार्यहरु, सजाय कम गर्न सिफारिस तथा सहजीकरण सेवा सञ्चालन गर्ने ।

३.१२ अनाथ बालबालिकालाई संरक्षक, माथवर नियुक्त गर्न तथा कानुन बमोजिम आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने ब्यबस्थाको सहजीकरण गर्ने ।

३.१३ जन्मदर्तालाई सहज र अनिवार्य बनाउन जन्मदर्ता प्रकृयालाई स्वास्थ्य संस्था, बर्थींग सेन्टर तथा सुत्केरी गराउने सेवा प्रदायकहरुसँग अनलाईन सुचना प्रदान गर्ने प्रणाली सञ्चालन गर्ने ।

३.१४ विद्यालय परिसर वा ५०० मिटर वरपरका क्षेत्रमा सुर्तीजन्य, मदिराजन्य बस्तुको बिक्री वितरण निषेधित गर्ने ।

३.१५ सुर्तीजन्य र मदिराजन्य खाद्य तथा पेय पदार्थको बिक्री वितरण गर्ने व्यवशायीले अनिवार्य रुपमा १८ बर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्तीजन्य र मदिराजन्य बस्तु बिक्री नगर्ने सुचना राख्न लगाउने ।

**रणनीती ४ : शिक्षक, परिवार, सेवाप्रदायक माझ सचेतना र क्षमता अभिवृद्दी गर्ने ।**

४.१ समुदायमा परिवार तथा आम नागरिक लक्षित सचेतना अनुशिक्षण सञ्चालन गर्ने ।

४.२ अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार, सडक व्यवसायीहरुलाई पञ्जिकरण गरी निश्चित मापदण्ड, समय, स्थलमा आफ्नो व्यवसाय गर्न परिचयपत्र जारी गर्ने ।

४.३ विद्यालयहरुमा शिक्षक विद्यार्थी लक्षित बाल अधिकार तथा बाल संरक्षण अनुशिक्षण सञ्चालन गर्ने ।

४.४ बाल हिंसा, बालश्रम, लागु औषध जस्ता विषयमा सचेतनाका लागि सामुदायिक प्रहरीको परिचालन गरी प्रहरी र बालबालिकाबिचको सम्बन्ध विकास गर्ने ।

४.५ विभिन्न सार्वजनिक स्थानमा बालअधिकार, बाल संरक्षण, हिंसा, बालश्रम लगायतका विषयमा सुचना सामाग्री उत्पादन, प्रचार प्रसार गर्ने ।

४.६ बालबालिकाविरुद्दको हिंसा, शोषण, दुर्व्यवहारको निगरानी गर्न र सुचना प्रदान गर्न लैंगिक हिंसा निवारण समितिहरुलाई प्रशिक्षित र परिचालन गर्ने ।

४.७ स्थानीय आवश्यक्ता र मागका आधारमा बालअधिकारसमितिका सदस्यहरु, बाल क्लब तथा बाल क्लब सञ्जाल, सूचीकृत समाजसेवी तथा बाल मनोविज्ञ, स्थानीय तहमा सुचिकृत सामुदायिक संस्थाहरु (टोल विकास संस्था/समिति, महिला समुह आदि) लाई बालश्रम, बाल विवाह, बाल हिंसा तथा यौन दुर्व्यवहार, लागु औषध दुर्व्यसन रोकथाम, बाल मनोविज्ञान र मानसिक स्वासथ्य, अनलाईन दुर्व्यवहार र संरक्षण तथा बाल संरक्षण प्रणाली र सेवा लगायतका विषयमा प्रशिक्षण सञ्चालन गर्ने।

४.८ समयमै जन्मदर्ता, बसाइ सराइ लगायतका ब्यक्तिगत घटनाको सुचना दिन प्रेरित गर्न प्रचार प्रसार र सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

४.९ नीजि तथा सार्वजनिक स्वास्थ्य संस्थाहरुमा भ्रुणका लिंग पहिचान र लैंगिकताका आधारमा गर्भपतन गैर कानुनी अपराध भएको सुचना प्रचार प्रसार गर्ने ।

४.१० बाल सञ्जाल, बाल क्लब, विद्यालयहरुमा बाल विवाह, उमेर नपुग्दै विवाह, यौन तथा प्रजनन स्वास्थ्य, किशोरावस्था र जीवनोपयोगी सिपहरुका बारेमा अनुशिक्षण तथा प्रशिक्षण सञ्चालन गर्ने।

४.११ बालिका तथा किशोरीहरुमाझ आत्मरक्षाका उपायहरु, आत्मविश्वास बढाउने र दुर्व्यवहार र हिंसाको प्रतिरोध गर्न सक्षम बनाउन विद्यालय तथा बाल सञ्जाल र बाल क्लबहरुमार्फत आत्मरक्षा तालिम सञ्चालन गर्ने ।

**रणनीति ५ : बाल स्वास्थ, सुरक्षीत र पर्यावरण मैत्री भौतिक पुर्वाधारको ब्यबस्था गर्ने**

५.१ विद्यालय, स्वास्थ्य संस्था, विद्यालय यातायात तथा सार्वजनिक यातायात बालबालिकाको दृष्टिले सुरक्षीत पुर्वाधार भए नभएको अनुगमन गर्ने र सुधार गर्न लगाउने ।

५.२ विद्यालय, बजार, स्वास्थ्य संस्था, पार्क मनारञ्जन स्थल वरपर स्पिड कन्ट्रोल राख्ने । २० कि.मी. गती कायम गर्ने ।

५.३ विद्यालय यातायातका चालक र सहचालकलाई बालमैत्री, सुरक्षीत सवारी, बाल संवेदनशिल व्यवहारको बारेमा प्रशिक्षित गर्ने ।

५.४ विद्यालय, स्वास्थ्य संस्था क्षेत्र हर्न निषेधित क्षेत्र घोषणा गर्ने ।

५.५ गाउँ क्षेत्रभित्रका सडकहरुमा आवश्यक्ता अनुसार सडक संकेत, सडक बत्ती, जेब्रा क्रस, गती सिमित संकेत आदिको ब्यबस्था गर्ने ।

५.६ सडक पेटीलाई खाली राख्ने, र अपाँगता मैत्री, बालमैत्री रेलिंगसहितको सुरक्षीत सडक पेटी पैदल मार्गको ब्यबस्था गर्ने ।

५.७ सबै विद्यालयले छात्रामैत्री शौचालय, अपाँगता मैत्री पहुँच र निःशुल्क स्यानीटरी प्याड, आइरन चक्की लगायतका बाल स्वास्थमा प्रभाव पार्ने सेवाको सुनिश्चित गर्ने । प्रयोग भएका स्यानीटरी प्याडको सुरक्षीत डिस्पोजलको व्यवस्था गर्न लगाउने ।

५.८ विद्यालयक्षेत्र र विद्यार्थीहरुलाई दलगत राजनीतिक गतिवीधि, अवाञ्छीत राजनीतिक हस्तक्षेप र विवादबाट मुक्त राखी शान्ति क्षेत्र घोषणा गर्ने ।

५.९ सडक चोक, पार्क, धार्मिक क्षेत्र, बजार र विद्यालयहरुमा फोहोर संकलन बाकसहरु राख्ने।

५.१० सडकमा जथाभावी फोहोरमैला फाल्नेलाई कानुनी कार्वाहीको व्यवस्था गर्ने ।

५.११ सबै सामुदायिक विद्यालयहरुलाई हरित विद्यालय ढाँचा लागु गर्न सहयोग गर्ने ।

**उद्देश्य ३ सँग सम्बन्धित** गुणस्तरीय, व्यवसायिक र निःशुल्क शिक्षा, खेलकुद, स्वास्थ्य, प्रारम्भिक बाल विकासमा सुनिलस्मृति गाउँक्षेत्रभित्रका सबै बालबालिकाको पहुँच अभिवृद्दी गर्ने ।

**रणनीति ६ : सार्वजनिक सेवा प्रदायकको बिस्तार गर्ने** ।

६.१ आवश्यक्ताका आधारमा प्रत्येक वडामा सामुदायिक माध्यमिक विद्यालयको स्थापना र सञ्चालन गर्ने ।

६.२ गाउँ क्षेत्रभित्र प्राविधिक धारको सामुदायिक विद्यालय सञ्चालन गर्ने ।

६.३ कामकाजी महिला र उनीहरुका शिशु लक्षित गरी गाउँ स्तरीय, प्रत्येक वडामा सामुदायिक शिशु स्याहार केन्द्र र समुदायमा आधारित प्रारम्भिक बाल विकास केन्द्र स्थापना र सञ्चालन गर्ने ।

६.४ प्रत्येक वडामा शारिरिक व्यायम उपकरण, बालमैत्री खेल सामाग्री सहितको न्युनतम एक खुला पार्क निर्माण र व्यवस्थापन गर्ने ।

६.५ प्रत्येक विद्यालयमा साप्ताहिक रुपमा योग ध्यान कक्षा सञ्चालन गर्ने ब्यबस्था गर्ने ।

६.६ सामुदायिक विद्यालयका सबै विद्यार्थीको नि शुल्क स्वास्थ्य बिमाको ब्यबस्था गर्ने ।

६.७ सामुदायिक विद्यालयमा दिइने दिवा खाजाको बिस्तार गर्ने र बाल पोषण कार्यक्रमसँग जोड्ने । विद्यालय परिसरमा अस्वस्थ खाना (जंक फुड) बिक्रि वितरणलाई पूर्ण निषेधीत गर्ने।

६.८ बालबालिका लक्षित गाउँस्तरीय आविष्कार तथा विज्ञान सिकाइ केन्द्र सञ्चालन गर्ने ।

६.९ प्रत्येक वडामा बालबालिकाका लागि पठन सामाग्री, कम्प्युटर तथा अडिया भिजुअल सामाग्रीसहितको पुस्तकालय स्थापना र सञ्चालन गर्ने ।

६.१० स्थानीय स्वास्थ्य केन्द्रमार्फत प्रत्येक वडामा योग केन्द्र, ध्यान कन्द्र, आयुर्वेद स्वो स्थ्य सेवा प्रवाह गर्ने व्यवस्था गर्ने ।

६.११ बाल विशेषज्ञतासहित, बालबालिका लक्षित वार्डसहितको सामुदायिक गाउँ अस्पताल निर्माण र सञ्चालन गर्ने ।

६.१२ स्वास्थ्य संस्था, सेवा केन्द्रहरुमार्फत बालबालिकाको अपाँगता जाँच गर्ने र अपाँगताको अवस्था पहिचान गर्ने व्यवस्था मिलउने ।

६.१३ अपाँगता पहिचान भएका बालबालिकाहरुलाई निशुल्क उपचारात्मक पुनर्स्थापना सेवा उपलब्ध गराउने, पुनर्स्थापना हुन नसक्नेहरुका हकमा सहयोगी सामाग्री वितरण गर्ने ।

६.१४ बौद्दिक अपाँगता, अटिजम, बोली तथा दृष्टिको अपाँगता भएका बालबालिकालाई शैक्षिक र नियमित जीवनमा समावेश हुन सामाजिकीकरण सेवा सञ्चालन गर्ने ।

६.१५ बालबालिकामा हुनसक्ने अपांगता पहिचानका लागि शीघ्र पहिचान तथा हस्तक्षेप कार्यक्रम संचालन गर्ने ।

६.१६ बहु अपाँगता भएका बालबालिकालाई दक्ष जनशक्ति सहितको निशुल्क दिवा स्याहार तथा संरक्षण केन्द्र सञ्चालन गर्ने ।

६.१७ खेल प्रशिक्षकहरुमार्फत विद्यालय केन्द्रीत साप्ताहिक खेल प्रशिक्षण सञ्चालन गर्ने ।

६.१८ बालिका र अपाँगता लक्षित बार्षिक गाउँस्तरीय खेल प्रतियोगीता आयोजना गर्ने ।

६.१९ किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य सचेतना शिक्षा आयोजना गर्ने ।

६.२० अनलाइनबाट हुने यौन दुर्व्यवहारबाट सुरक्षित राख्न सचेतना कार्यक्रम तथा स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।

६.२१ बालबालिकाहरुमाझ जीवनोपयागी सिप तथा किशोरकिशोरीहरुमाझ आत्मरक्षा तालिम सञ्चालन गर्ने ।

**रणनीति ७ : व्यावसायिक सामाजिक उत्तरदायित्वको कार्यान्वयन गर्ने ।**

७.१ संस्थागत विद्यालयहरुले कानुनले तोकेको छात्रवृत्ति गाउँ बालअधिकार समितिको सिफारिस भएको बालबालिकालाई उपलब्ध गराउने ब्यबस्था लागु गर्ने ।

७.२ निजी स्वास्थ्य संस्थाहरुले कानुनले तोकेको निः शुल्क स्वास्थ्य सेवा गाउँ स्वास्थ्य समितिबाट सिफारिस भएको ब्यक्तिलाई उपलब्ध गराउने ब्यबस्था गर्ने ।

७.३ स्थानीय कानुन बनाई गाउँक्षेत्रभित्र सञ्चालित व्यायमशाला र खेल प्रशिक्षण केन्द्रले गाउँपालिकाको सिफारिस अनुसार सामुदायिक विद्यालयमा नि शुल्क व्यायम तालिमका साथै खेल प्रशिक्षण गर्ने गराउने ब्यबस्था गर्ने ।

७.४ विद्यालयहरुले कक्षगत आधारमा पाठ्यपुस्तकको सूची पेश गर्ने र पाठ्यक्रम विकास केन्द्रले औचित्य पुष्टी नगरेसम्म न्युनतम ५ बर्ष सम्म पाठयपुस्तक परिवर्तन गर्न नपाउने ब्यबस्था लागु गर्ने ।

**उद्देश्य ४. सँग सम्बन्धित**

बालबालिकाको सहभागिता, नागरिक कर्तब्य र अधिकारको अभ्यासलाई प्रवर्द्धन र सहजीकरण गर्ने।

**रणनीति ८ : बालबालिकाको सहभागितालाई खुला र व्यवस्थित गर्ने**

८.१ गाउँपालिकाका बालबालिकासँग सम्बन्धित नीति, योजना, निर्णय र कामका बारेमा वेबसाइट वा सामाजिक सञ्जालमार्फत जानकारी दिने व्यवस्था गर्ने ।

८.२ गाउँपालिका क्षेत्रभित्र समुदायमा आधारित बाल क्लब/समुहहरु गठन गर्न अभिप्रेरित गर्न विशेष अभियान सञ्चालन गर्ने ।

८.३ गाउँपालिकाको बाल समूह /सञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०७७ बमोजिम बालसमूहको सूचीकरण, नविकरण तथा तथा प्रभावकारी परिचालन गर्ने ।

८.४ विद्यालयमा गठन भएका बाल क्लब/समुह लाई विद्यालयमार्फत सुचिकरण गर्ने ब्यबस्था गर्ने।

८.५ वडा तथा गाउँ बाल सञ्जाल गठन गर्ने र आवश्यक्ता अनुसार सहकार्य गर्ने ।

८.६ बार्षिक गाउँ बाल भेला र सोही भेलासँग बालबालिकासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्ने ।

८.७ बार्षिक रुपमा गाउँ बाल महोत्सव/मेला आयोजना गर्ने ।

**रणनीति ९ : बालबालिकाको सशक्तिकरण र नेतृत्व क्षमता विकास गर्ने**

९.१ बालबालिका लक्षित बाल क्लब/समुह गठन, सञ्चालन सम्बन्धि हाते पुस्तिका तथा सुचना सामाग्री प्रकाशन र वितरण गर्ने ।

९.२ बार्षिक रुपमा वडा तहमा बाल क्लब/समुह नेतृत्वलाई सामुहिक अभिमुखीकरण आयोजना गर्ने ।

९.३ वडा तथा गाउँ बाल सञ्जालमा आवद्द बालबालिकालाई विभिन्न नेतृत्व क्षमता विकासका तालिमहरु प्रदान गर्ने ।

९.४ गाउँपालिकाबाट समुदायस्तरीय बाल क्लब/समुह , बाल सञ्जालका गतिविधीहरुलाई आवश्यक्ताका आधारमा कार्यक्रम सहयोग प्रदान गर्ने ।

## च) अनुगमन तथा मूल्याङ्कन:

यस कार्ययोजनाको कार्यान्वयन अवस्थाको अनुगमन तथा मुल्यांकनका लागि निम्न कार्यहरु सञ्चालन गरिनेछ

१. बालअधिकारको विद्यमान अवस्थाको स्पष्ट तथ्यांक सहितको गाउँ बालअधिकार स्थिति प्रतिवेदनका बार्षिक प्रकाशन ।

२. कार्यक्रमको स्थलगत अनुगमन : गाउँपालिकाबाट तोकिएका अधिकारीहरु संलग्न टोली तथा गाउँ बालअधिकार समिति र वडा बाल अधिकार समितिले गाउँमा रहेका विद्यालय, बाल क्लबहरुसँग छलफल गरी समस्या तथा सवाल र गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारीताको अनुगमन र मुल्यांकन गर्नेछन् ।

३. तोकिएको अधिकारीले कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको अनुगमन गर्नेछन् ।

४. गाउँपालिकाले गर्ने बार्षिक सार्वजनिक सुनवाइमा बालबालिका सम्बन्धि लगानी, प्रगतीको छुट्टै प्रस्तुती र छलफल गर्ने

५. आवधिक समिक्षा र मुल्यांकन: गाउँ बालअधिकार समिति तथा गाउँपालिकाको योजना अनुगमन शाखाले मध्यावधिक रुपमा यस कार्ययोजनाको कार्यान्वयन अवस्थाको मुल्यांकन र कार्ययोजनाको अन्तिम बर्ष कार्ययोजनाको कार्यान्वयन, उपलब्धी र सिकाइहरुको बारेमा पहिचान गर्ने गरी तेस्रो पक्षबाट स्वतन्त्र समिक्षा र मुल्यांकन गराउनेछ ।

६. कार्यक्रम कार्यान्वयन, अवस्था र उपलब्धी अनुगमनको ढाँचा (अनुसूची २ बमोजिम) लागु गर्ने।

## छ) संस्थागत संरचना:

यस कार्ययोजनाको कार्यान्वयनको मुल नेतृत्व गाउँ बालअधिकार समिति र सामाजिक समावेशीकरण शाखा लिनेछ, साथै सम्बन्धित विषयगत शाखाहरुको समन्वयमा कार्य गरिने छ भने वडा तहमा वडा बाल अधिकार समिति र वडा कार्यालयले कार्यान्वयनको जिम्मेवारी लिनेछ । गाउँ बालअधिकार समिति र सम्बन्धित शाखाले आवश्यक्ता अनुसार अन्य शाखा, समिति निकायहरुसँग सहकार्य, समन्वय र कार्यक्रमहरुको आवद्दता गर्न सक्नेछ ।

## ज) श्रोत परिचालन, सहकार्य तथा समन्वय

यस कार्ययोजनाको कार्यान्वयनका लागि गाउँपालिकाले निम्नानुसार श्रोत परिचालन गर्नेछ :

- गाउँपालिकाको नियमित बार्षिक बजेट अन्तरगत श्रोत विनियोजन गर्ने ।
- बजेट अपुग भएका कायक्रमहरु सञ्चालनका लागि गाउँक्षेत्रभित्र कार्यक्रम गर्ने विभिन्न सामाजिक संस्था, निजी व्यवशायिक संस्था वा विकास साझेदारसँग सम्झौता गरी श्रोत परिचालन गर्ने ।
- गाउँपालिकाले यस कार्ययोजनाको कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारबाट उपलब्ध हुने विशेष अनुदान प्राप्त गर्ने ।
- विभिन्न दातृ निकाय तथा साझेदार र गैरसरकारी संस्थाहरुसँग परियोजना सम्झौतामार्फत यस कार्ययोजनाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गाउँ क्षेत्रभित्र बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाहरुसँग नियमित रुपमा समन्वय बैठक गर्ने । गैरसरकारी संस्थामार्फत परिचालन हुने श्रोतलाई यस कार्ययोजनाका क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्ने

## झ) जोखिम तथा न्युनीकरण

यस कार्ययोजनाको कार्यान्वयनमा सम्भावित जोखिमहरुको पहिचान र ती जोखिमहरुको न्युनिकरणका उपायहरु निम्नानुसार गरिएको छ :

| जोखिम | जोखिमको तह र सम्भावना | न्युनिकरणका उपायहरु |
|---|---|---|
| अन्तरशाखा समन्वय र सहकार्यको कमी तथा दोहोरोपना | मध्यम | नियमित कार्यपालिका बैठकमार्फत निर्णय र निर्देशन गर्ने । |

| | | |
|---|---|---|
| आर्थिक श्रोतको अभाव | मध्यम | संघ, प्रदेशसँग विशेष अनुदानको माग गर्ने ।<br>विकास साझेदारसँग परियोजना सम्झौता गर्ने । |
| प्राविधिक दक्ष जनशक्तिको अभाव | मध्यम | साझेदार विशेषज्ञ संस्थाहरु, राष्ट्रिय बालअधिकार परिषद र रोष्टरमा रहेका विज्ञहरुको सहयोग लिने । |
| तथ्यपरक प्रतिवेदनको समस्या | मध्यम | बालअधिकार सुचना प्रणाली लागु गर्ने ।<br>अनुगमनको ढाँचा तयार गरी लागु गर्ने । |

**अनुसूची १: बालअधिकार संरक्षण तथा संवर्द्धन रणनीतिक ढाँचा**

(संलग्न वार्षिक माइलस्टोन र आधारभूत अवस्था सम्बन्धित शाखाहरुवाट भर्नु पर्ने)

| रणनीति | कार्यनीति | जिम्मेवारी |
|---|---|---|
| मूलप्रवाहीकरण | • बालअधिकारको विषय गाउँपालिकाको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गर्ने<br>• योजना तथा कार्यक्रम बालमैत्री तरिकाले सन्चालन गरेको र त्यसवाट हासिल भएको उपलव्धिको परिक्षण गर्ने । | • गाउँपालिका बालबालिका शाखा<br>• सम्वन्धित शाखा |
| वकालत, पैरबी र सचेतना | • नीति- नियम को प्रभावकारी कार्यान्वयन गराउन वकालत गर्ने, सचेतना अभिवृद्धि गर्ने, समन्वय र सहकार्य गर्ने ।<br>• पालिकाले सन्चालन गर्ने सवै सचेतनामुलक कार्यक्रम तथा तालीमहरुमा बालअधिकारको विषय समावेश गर्ने | • गाउँपालिकाको बालबालिका शाखा<br>• सम्वन्धित शाखाहरु<br>• विकास साझेदार तथा गैर सरकारी संस्था |

| | | |
|---|---|---|
| संस्थागत विकास | • बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न संस्थागत संयन्त्र र प्रणालीको विकास गर्ने<br>• संस्थागत क्षमता विकास गर्ने ।<br>• बालबालका संस्था र संजाल निर्माण गर्ने, सूचीकृत गर्ने र उनिहरुको क्षमता विकासमा प्रोत्साहन गर्ने ।<br>• स्थानीयस्तरमा वनाइएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, बाल संजाल, खानेपानी, सामुदायिक वन, सामुदायिक संस्था जस्ता समुहहरु र आम सरोकारवालहरुसंग सामन्जस्यता कायम गरि बालमैत्री सूचकहरु प्रासिको लागि सामुहिक प्रतिवद्धताको विकास गर्ने । | • गाउँपालिकाको बालबालिका शाखा<br>• स्वास्थ्य, शिक्षा एवं सम्वन्धित शाखाहरु<br>• सामुदायिक संस्था, विकास साझेदार, र गैर सरकारी संस्था<br>• आम सरोकारवाला |
| सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन | • स्थानीय पाठ्यक्रममा बालअधिकारका स्थानीय सवालहरु समावेश गराउने ।<br>• बालबालिका प्रतिको धारणा र व्यवहार परिवर्तन गर्न र उनीहररुको अधिकार र सर्वोत्तम हित प्रति संवेदनशिलता बढाउन प्रचार प्रसार गर्ने । | • गाउँपालिकाको बालबालिका शाखा<br>• स्वास्थ्य, शिक्षा एवं सम्वन्धित शाखाहरु<br>• विकास साझेदार र गैर सरकारी संस्था |
| अनुगमन, मुल्यांकन तथा प्रोत्साहन | • बालबालिकाको अधिकार संरक्षण र संवर्द्धन अभिवृद्धि गर्न बालमैत्री स्थानीय शासन सम्वन्धी न्युनतम सूचकका विषयमा सरोकारवालाहरुलाइ अधिकतम जानकारी गराउने ।<br>• उत्कृष्ठ काम गर्ने बालसमुह/संस्था, समुह तथा संजाल, विद्यालय, सामुदायिक संस्था, वडा, विकास साझेदार, गैससं, सन्चारकर्मी र | • गाउँपालिकाको बालबालिका शाखा<br>• स्वास्थ्य, शिक्षा एवं सम्वन्धित शाखाहरु<br>• सामुदायिक संस्था, विकास साझेदार, र गैर सरकारी संस्था |

| | | |
|---|---|---|
| | अन्य व्यक्ति विशेषलाइ समेत पुरस्कृत गर्ने । | |
| अभियान सन्चालन गर्ने | • बालमैत्री स्थानिय शासन कार्यान्वयनका अधिकांस सूचकहरुमा सकारात्मक उपलव्धी भएता पनि वाल विवाह र वालश्रम जस्ता कृयाकलापको अन्त्य गर्न सामाजीक तथा कानूनी प्रकृयामा जटिलता देखिएकाले सवैको सरोकारवालाहरुको साथ लिएर अभियानमूलक कार्यक्रम सन्चालन गर्ने | • महिला तथा बालवालिका शाखा, सवै विषयगत शाखा, सवै वडाकार्यालहरु, समुदायमा आधारित सवै समुह तथा संस्थाहरु, पत्रकार तथा सन्चारकर्मी, नागरिक समाज, प्रशासनिक तथा सुरक्षा संयन्त्र, विकास साझेदार र गैसस |
| खवरदारी तथा निरुत्साहन र कानूनी कार्वाहिका लागि शिफारिस | • बालअधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने अभियानमा जानी जानी उल्लंघन गरेर वाल विवाह गर्ने तथा गराउने र वालश्रम जस्ता कृयाकलाप गराउनेहरुको तथ्यांक राख्ने र गाउँपालिकाले दिने सेवा सुविधा तथा शिफारिस दिदा खवरदारी गर्ने ।<br>• खवरदारी गर्दा पनि पटक पटक उल्लंघन गर्नेलाइ कानूनी कारवाहिका लागि सम्वन्धित निकायमा शिफारिस गर्ने । | • महिला तथा बालवालिका शाखा<br>• सवै विषयगत शाखा, सवै वडाकार्यालहरु<br>• न्यायीक समिति<br>• प्रशासनिक तथा कानूनी निकायहरु |

## परिच्छेद ३: बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा

### क)बालमैत्री स्थानीय शासन पद्धतिको छनौट,

बालमैत्री स्जानीय शासन पद्धतिको छनौट: गाउँपालिकाले बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक कार्यक्रम सन्चलालन तथा कार्यान्वयनको वडा छनौट गर्नेछ र जिल्लाभर समन्वय, सहजिकरण र उत्प्रेरणा जगाउने काम जिल्ला समन्वय समितिले गर्नेछ ।

### ख)बालमैत्री स्थानीय शासन पद्धतिको अवलम्बन

गाउँपालिकाले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी बालमैत्री स्थानीय शासनका सूचकमा आधारितभै नियमित अनुगमन तथा समिक्षा गरी नियमित प्रतिवेदनमा समावेश गरी विवरण सार्वजनिक गर्नुपर्नेछ ।

### ग) बालमैत्री स्थानीय शासन पद्धतिको अनुगमन, शिफारीस र घोषणा

गाउँपालिकाले अनुसूची २ मा उल्लेख भए अनुसारका सूचकहरुको नतिजा प्रासिको आधारमा वडा तथा गाउँपालिकालाइ बालमैत्री घोषणा गरिनेछ । गाउँपालिकाले सूचक प्रासिको सुनिश्चितताको लागि मूल्याङ्कनको प्रभावकारी व्यवस्था मिलाएर मात्र बालमैत्री स्थानीय तह घोषणा गर्नुपर्नेछ ।वडा घोषणा गर्दा वडा समितिको शिफारिस पश्चात अनुगमन गरी अंक भारको आधारमा कायर्पालिकाको बैठक वसेर गाउँपालिकाले र गाउँपालिका घोषणा गर्दा गाउँपालिकाको शिफारिस पश्चात अनुगमन गरी अंक भारको आधारमा जिल्ला समन्वय समितिको शिफारिस र प्रदेश सरकारको सरकारको स्विकृति पश्चात घोषणा गरिनेछ । घोषणाको दिगोपनाको लागि गाउँपालिकालेनै योजना वनाएर काम गर्नेछ।

**अनुसूची २: सूचकको वर्तमान अवस्था, माइलस्टोन तथा बालमैत्री गाउँपालिका घोषणा**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०७४ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले निर्देश गरेअनुसार सुनिलस्मृति गाउँपालिकाको सभाले बालमैत्री स्थानीय वडा तथा गाउँपालिकालाइ घोषणा गर्दा कम्तिमा पनि ८० प्रतिशत सूचकहरु पुरा भएको हुनु पर्दछ । बालमैत्रि उन्मुख घोषणाका लागि ७० देखि ७९ प्रतिशत सूचकहरु पुरा भएको हुनु पर्छ ।

सुनिलस्मृति गाउँपालिकाले संघ तथा प्रदेश सरकार संगको समन्वय तथा आर्थिक परिचलन, विकास साझेदार तथा गैर सरकारी संस्था र सरोकारवाल निकायहरुसंग समन्वय, सहकार्य र साझेदारी गरेर बजेटको सूनिश्चितता गरि सूचकहरु १०० प्रतिशत पुरा गर्नकालागि अथक प्रयास गर्नेछ तथापि कम्तिमा ८५ प्रतिशत सूचकहरु पुरा भएमा वडा तथा पालिकालाइ बालमैत्री घोषणा गर्न सक्नेछ । सूचकहरु र घोषणाको माइलस्टोन अनुसूचीमा उल्लेख भए अनुसार हुनेछ ।

अनुसूची

बालमैत्री स्थानीय शासनका न्युनतम सूचकहरु, हाल सम्मको उपलव्धी र  कार्ययोजना

| संख्या | सूचकहरु | घोषणाकोलागि आवश्यक प्रतिशत | हालसम्मको प्रगती प्रतिशत | माइलस्टोन १ २०८४ सम्म (प्रतिशत) | माइलस्टोन २ २०८६ सम्म (प्रतिशत) |
|---|---|---|---|---|---|
| **क** | | | | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पुर्व चारपटक र प्रसूति पश्चात तिन पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ | ९५ | ९८ | निरन्तर |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९५ | ७४.५ | ९० | ९५ |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्ममा २२५ वटा) खाएका हुनेछन् । | ९५ | १२१ | निरन्तर | निरन्तर |
| ४ | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० | १०० | १०० | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ६ महिना सम्मको शिशुलाइ आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | ८० | ९८.२ | निरन्तर | निरन्तर |
| ६ | ६ महिना देखि पाँच वर्षमुनिका सबै बालबालिकालाइ वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | १०० | १०० | निरन्तर | निरन्तर |
| ७ | एक वर्ष भित्रका प्रत्यक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० | १०० | निरन्तर | निरन्तर |
| ८ | एचआईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | १०० | १०० (छैनन्) | निरन्तर | निरन्तर |
| ९ | सबै घर परिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० | १०० | निरन्तर | निरन्तर |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० | ३३ जना ५ बर्ष मुनिका रिपोर्ट नहुने समस्या | ८० | निरन्तर |
| ११ | अति कडा कुपोषण र मध्यम कुपोषण भएका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | १०० | | | |
| १२ | सबै घरधुरिमा खानेपानिको सुविधा उपलव्ध भएको हुनेछ । | १०० | ९७.७४ | १०० | निरन्तर |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १०० | ९८.७७ | १०० | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | प्रत्यक घरपरिवारले शौचालयको प्रयोग गरेका तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० | ९६.६६ | निरन्तर | निरन्तर |
| **ख** | | | | | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १०० | ८२ | १०० | निरन्तर |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ । | १०० | ५ जना फेला पुनर्स्थापना रेकर्ड नभएको | १०० | निरन्तर |
| १७ | स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ । | १०० | ३९.२५ | ९० | १०० |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान(विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, वेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ८० | | | |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । | १०० | | ९० | १०० |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५ | | ९० | ९५ |
| २१ | स्थानीय तह/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछ । | १०० | | ८५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुने (सडक बालबालिका भएकोमा बाल संरक्षणको व्यवस्थापन भएको हुने) । | १०० | १००<br>स.बा<br>नभएको | निरन्तर | निरन्तर |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० | | ९० | १०० |
| २४ | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० | | | |
| **ग** | | | | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने । | १०० | | ९० | १०० |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पूरा गरेका हुनेछन् । | १०० | | ८५ | १०० |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | १०० | | ८५ | १०० |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० | | ८० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० | | १०० | निरन्तर |
| ३० | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलग अलग बिसर्जन गर्ने व्यवस्था गरेका हुनेछन् । | १०० | | ९० | १०० |
| **घ** | | | | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | ९५ | ९५ | निरन्तर | निरन्तर |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बाल समुह गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुने । | ९५ | ९५ | निरन्तर | निरन्तर |
| ३३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको प्रतिनिधित्व रहेको हुनेछ । | १०० | | ८५ | १०० |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालसमूह/सञ्जालको प्रतिनिधित्व रहेको हुनेछ । | १०० | | ८५ | १०० |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्वन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | ९० | | ९० | ९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुने । | १०० | | ८५ | ९५ |
| ङ | | | | | |
| ३७ | वडा/गाउँपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भै क्रियाशील रहेका हुनेछन् । | १०० | ९८ | १०० | निरन्तर |
| ३८ | गाउँपालिकाले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको । | १०० | १०० | १०० | निरन्तर |
| ३९ | गाउँपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० | | ८० | १०० |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल) को आधारमा गाउँपालिकाको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको । | १०० | | ८० | ९९ |
| ४१ | गाउँपालिकाको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई गाउँपालिका तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको । | १०० | | ८० | ९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | गाउँपालिकामा बालबालिका सम्वन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १०० | | १०० | निरन्तर |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पूरा गरेका हुनेछन् । | १०० | | ९० | ९९ |
| ४४ | विद्यालयले कक्षा ६ देखि१० सम्मका विद्यार्थीहरूको लागि बालमैत्री, वातावरणमैत्री र विपद व्यवस्थापन सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० | | ८५ | ९९ |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरूले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । | ८० | | ८५ | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ भएको । | १०० | | ८५ | १०० |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन् । | १०० | | ८५ | ९५ |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यलयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | १०० | | १०० | निरन्तर |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० | | ८० | ९५ |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्वोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० | | ८५ | ९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको । | १०० | | ८५ | ९९ |

**अनुसूची ३ :कार्ययोजनाको कार्यान्वयन अनुगमन ढाँचा**

| | | |
|---|---|---|
| अनुगमन मिति | | |
| अनुगमन गरिएको कार्यक्रम वा स्थान | | |
| अनुगमनका क्रममा गरिएका कृयाकलाप | | |
| अनुगमनका क्रममा पहिचान भएका तथ्यहरु | | |
| बालअधिकार संरक्षण र संवर्धनमा भएका उपलब्धी (सूचकका आधारमा लेख्ने) | बालअधिकार संरक्षण र संवर्धनमा देखिएका कमजोरी र नविन सवालहरु | सुझावहरु |
| | | |
| | | |

**अनुसूची४: कृयाकलाप तथा विवरण:**

यस कार्ययोजना तयार गर्न ब्यबस्थित ढंगले कार्यप्रक्रिया अगाडी बढाइएको थियो । यस कार्ययोजनाका मस्यौदाको क्रममा कार्यान्वयन गरिएका विधि र क्रियाकलापहरुको संक्षिप्त विवरण तल तालिकामा दिइएको छ :

| तालिका १ :कार्ययोजना तयारी विधि र क्रियाकलापको विवरण | | |
|---|---|---|
| मिति | क्रियाकलाप | संक्षिप्त विवरण |
| | गाउँ बालअधिकार समितिको बैठक | बैठकवाट रणनीतिक कार्ययोजना मस्यौदा गर्न उपसमिति गठन र विज्ञको सहायता लिने निर्णय |
| | मस्यौदा उपसमितिको बैठक | |

| | | |
|---|---|---|
| | दस्तावेजहरुको अध्ययन | विज्ञ समुहले विद्यमान राष्ट्रिय, प्रदेश र सुनिलस्मृति गाउँपालिकाको नीति, नियम, कानून, संविधान, गाउँपालिकाको प्रोफाइल तथा आवधिक योजना लगायतको अध्ययन गरी विद्यमान अवस्थाको विश्लेषण गर्ने |
| | बालबालिकाहरुसँगको परामर्श | बाल समुहहरु संग छलफल आयोजना तथा सुझाव संकलन |
| | कार्यपालिका सदस्य, शाखा प्रमुख, नागरिक समाज र नीजि क्षेत्रसंगको परामर्श | विज्ञद्वारा सुनिलस्मृति गाउँपालिकाको बालअधिकार संरक्षण तथा संवर्धन कार्ययोजनाको खाका प्रस्तुती, छलफल र सहभागिहरुवाट सुझाव संकलन गरिएको । |
| | मस्यौदा उपसमितिको बैठक | अघिल्लो परामर्शहरुवाट प्राप्त सुझावहरुको आधारमा मस्यौदा कार्ययोजनाको प्रस्तुती, छलफल र सहभागिहरुवाट सुझाव संकलन |
| | सम्वन्धित तथा सरोकारवाला निकायसंग परामर्श | मस्यौदा कार्ययोजनाको प्रस्तुती, छलफल र सहभागिहरुवाट सुझाव संकलन । |
| | मस्यौदाउपर अन्तिम परामर्श | अन्तिम मस्यौदा कार्ययोजनाको प्रस्तुती, छलफल र सहभागिहरुवाट सुझाव संकलन । |
| | गाउं वालअधिकार समितको बैठक | अन्तिम मस्यौदा गाउँ बालअधिकार समितिमा पेशभै छलफलवाट अनुमोदन र कार्यपालिकामा पेश गर्ने निर्णय । |
| | अन्तर शाखा राय | गाउँ बालअधिकार समितिबाट प्राप्त मस्यौदामा विभिन्न शाखाहरुवाट लिखित राय संकलन र राय अनुसार परिमार्जन |
| | कार्यपालिका बैठक | कार्यपालिकाको औं बैठकमा प्रस्ताव गरिएको कार्ययोजनामाथी छलफल र पारित गर्ने निर्णय । |